## सूचना ४

श्री ५ को सरकारले मनोरञ्जन कर ऐन, २०१७ को दफा ६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी शाही नेपाल चलचित्र संस्थान र श्रोम प्रोडक्शन-द्वारा सह-निर्मित नेपाली चलचित्र "सन्तान" को प्रथम प्रदर्शन मिति २०४४।७।२३ गते विश्वज्योती सिनेमा हलमा गर्दा प्राप्त रकम सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्लाई प्रदान गरिने भएकोले सोमा लाग्ने मनोरञ्जन कर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव

श्री ५ को सरकार

## भूमिसुधार मन्त्रालयको सूचना

श्री ५ को सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मोरङ, सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगका अध्यक्षलाई उक्त आयोग कार्यरत रहेसम्म प्रयोग गर्न पाउने गरी मोरङ र सुनसरी जिल्लामा भूमिसम्बन्धी ऐन, २०२१ को परिच्छेद ३, ४, ५ र ६ मा तोकिएको अधिकारीलाई प्राप्त अधिकार प्रदान गरेको छ ।

आज्ञाले,
जीवनलाल सत्याल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ११.२१ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची १ ख. २० मा रहेको परीक्षा नियन्त्रण कार्यालयलाई अनुसूची १ क. मा समावेश गरेको छ ।

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।